# नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०७४/७५ को

## (आय र व्ययको अनुमान)

# बजेट बक्तव्य

## मध्यविन्दु नगरपालिका

नवलपरासी जिल्ला

प्रदेशनं. ४

३१ असार २०७४

**आदरणीय यस गरिमामय नगर सभाका अध्यक्ष महोदय एवं सभाका सदस्यज्यूहरु,**

१. नेपालको संविधान, २०७२ बमोजिम गठित मध्यविन्दु नगरपालिकाको प्रथमनगर सभामा नगरपालिकाको आर्थिक वर्ष २०७४/७५ को आय र व्ययको अनुमान यस गरिमामय नगरसभामा प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ । यस अवसरमा नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले गरेको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, मधेश आन्दोलनको स्मरण गर्न चाहन्छु । लोकतन्त्रिक आन्दोलनका शहीदहरूको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु । २०७४ वैशाख ३१ मा सम्पन्न स्थानीय तहको निर्वाचनले संविधान कार्यान्वयन, संघीयताको जग बसाउने तथा नागरिक अधिकार, आवश्यकता र अपेक्षा प्रत्याभूतीका पक्षमा महत्वपुर्ण मार्गनिर्देश गरेको छ । साथै आर्थिक समृध्दी र लोकतन्त्रको आभास दिलाउने ढोका खुलाएको छ । उक्त निर्वाचन प्रकृयामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहभागी हुनुहुने संपुर्ण नागरिक, राजनीतिक दलहरु, सुरक्षाकर्मीहरु र कर्मचारीहरुमा हार्दिक कृतज्ञता एवं धन्यवाद ज्ञापन गर्दछु । निर्वाचन भन्दा पहिले लामो समय देखी जनप्रतिनिधि विहिन साविक स्थानीय निकायहरुमा रहि सार्वजनिक सेवा प्रवाह गर्नुहुने कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

२. मध्यबिन्दु नगरपालिकाको विशिष्ट भौगोलिक वनावट, पूर्व-पश्चिम राजमार्गको मध्यभागमा रहेको अवस्थिति एवं पर्याप्त प्राकृतिक साधन स्रोतको उपलब्धता, जातीय विविधता, निर्माण भईसकेका विकासका न्यूनतम आधारहरु र अन्य विभिन्न सवल पक्षहरुलाई आत्मसाथ गर्दै; नगरपालिकाको वृहत्तर विकासको निमित्त आवश्यक गुरुयोजना (Master Plan) को अभाव, आवश्यकता अनुरुपको पर्याप्त र सक्षम जनशक्तिको अभाव, स्वामित्व विहिन जग्गा जमिनमा बनेका संरचना तथा अव्यवस्थित बसोबास जस्ता कमजोरी, समस्या र अवरोधहरुलाई चिर्दै; भौगोलिक एवं जातीय विविधता अनुरुपका पूर्वाधार एवं सामाजिक विकास नीति, योजना र कार्यक्रम तुर्जमा गरी प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने, उपलब्ध जनशक्तिको क्षमता विकास गरी परिचालन गर्ने एवं सक्षम जनशक्तिलाई

आकर्षित गर्ने, विभिन्न किसिमका प्रकोपको प्रभावकारी व्यवस्थापन, नागरिकमैत्री ढंगबाट नगरपालिकाको संस्थागत विकास, साधन स्रोतको दिगो परिचालन तथा शहरीकरणका चुनौती सामना गर्दै; जनमत, जनइच्छा र हामी प्रतिनिधिहरुको तत्परता एवं इच्छा, शक्ति, कृषि, पशुपालन, पर्यटन क्षेत्रको उच्च सम्भावना तथा प्राकृतिक स्रोत साधनलाई अवसरका रुपमा ग्रहण गरिएको छ ।

**सभाध्यक्ष महोदय**,

३. साविक स्थानीय निकायहरुमा चालु आ.व.०७३/७४ मा पूर्वाधार क्षेत्र विकास, सामाजिक विकास, संस्थागत विकास, आर्थिक विकास लगायत विभिन्न विषयमा केन्द्रित भई कार्यक्रम निर्धारण गरिएका र तदनुरुप योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिएको थिए । साविक मध्यबिन्दु नगरपालिकाका रुपमा मौजुदा १ देखि ९ नम्बर वार्डहरुमा रु. १ करोड ६३ लाख चालु र रु. ७ करोड ५२ लाख ८४ हजार १ सय २० पूँजीगत गरी जम्मा ८ करोड ८२ लाख ८४ हजार १ सय २० रुपैयाँ बजेट विनियोजन गरिएकोमा चालुतर्फ १ करोड ३८ लाख ६६ हजार ३ सय ७ रुपैयाँ र पूँजीगत तर्फ रु. ६ करोड ८३ लाख ५४ हजार ६ सय ४३ गरी जम्मा रु. ८ करोड २२ लाख २० हजार ९ सय ५० खर्च भई ९३.१३ प्रतिशत वित्तीय प्रगती भएको देखिन्छ । पुर्नसंरचनासँगै साविक प्रसौनी, मैनाघाट, नयाँ बेलहानी, राकाचुली गाउँ विकास समितिहरु समेत सम्हाहित भए पश्चातनगरपालिकाको भूगोल, जनसंख्या, बजेट, योजना तथा कार्यक्रमहरुको परिमाण पनि बढ्न गएको छ । उपरोक्त साविक गाउँ विकास समितिहरुको जम्मा चालु रु.१८ लाख २८ हजार, पूँजीगत रु. १ करोड ८६ लाख १४ हजार ४ सय ५६ गरी कुल रु. २ करोड १४ लाख ४२ हजार ४ सय ५६ विनियोजन भई विभिन्न योजना तथा कार्यक्रमहरु सञ्चालन गरिएकोमा रु. १६१८१५४ चालु र रु. १ करोड ५५ लाख ७० हजार ३ सय पूँजीगत गरी जम्मा रु. १ करोड ७१ लाख ८८ हजार ४ सय ५४ खर्च भई ८०.१६ प्रतिशत वित्तीय प्रगती भएको छ । उपरोक्त साविक गाउँ विकास समितिहरुको नगरपालिकामा समायोजन भए पश्चात् २०७३ फाल्गुण मसान्त पछीको मात्र आय व्यय समावेश गर्न संभव भएको छ । साविक नगरपालिका र पछि समेटिएका गाउँ विकास समितिहरु समेतको कुल वित्तीय प्रगती ८६.१४% भएको प्रारम्भिक अनुमान छ । चालु आर्थिक वर्षमा साविक गाउँ विकास

समितिहरु रमध्यविन्दु नगरपालिका समेतमा सामाजिक सुरक्षा वापत रु. ७ करोड ४९ लाख २१ हजार ८ सय वितरण गरिएको छ ।

यस बमोजिमको वित्तीय परिचालनबाट आर्थिक क्षेत्र अन्तर्गत कृषि, पशुपालन, पर्यटन प्रवर्दन लगायतका विषय सामाजिक क्षेत्र अन्तरर्गत शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, संस्कृति प्रवर्दन, खेलकुद, लैङ्गिक समानता, लक्षित वर्गको सशक्तिकरण, सवलीकरण र मूल प्रवाहिकरणका क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन भई उपलब्धी प्राप्त भएका छन् ।

तत् तत् क्षेत्रमा भएका विकास कृयाकलापहरुबाट समुदायमा सकरात्मक प्रभाव देखिसकेको छ भने केही विकासका आधारहरु खडा भएका छन् तिनबाट विस्तारै उपलब्धीहरु प्राप्त हुनेछन । आय-आर्जन, जिविकोपार्जन, सचेतना र ज्ञानमा आएको अभिवृध्दिलाई दिगो बनाई राख्नु भावी दिनका चुनौती हुन् । पूर्वाधार क्षेत्र अन्तर्गत सडक निर्माण, सिंचाई सुविधा, समुदायिक भवनहरु निर्माण, सोलार बत्ती जडान भएका छन् । साविकका सार्वजनिक सेवा प्रदायक स्थानीय निकायका कार्यालयहरुमा जडित प्रविधिको उपयोगले कार्य सम्पादनमा सहजीकरण पनि गरेको छ ।

साविक स्थानीय निकायहरुका साथमा विभिन्न क्षेत्रका गैरसरकारी संघ–संस्थाहरु मार्फत नागरिक स्तरमा चेतना अभिवृध्दि, आय–आर्जन र जीविकोपार्जनमा टेवा पुऱ्याउने कार्यहरु भएका छन् । यस अवसरमा साविक स्थानीय निकायहरु,विभिन्न सरकारी कार्यालयहरु, सुरक्षा निकाय, गैरसरकारी संघसंस्थाहरु, नागरिक समाज, सञ्चार माध्याम आदी सबै वर्ग क्षेत्र तहबाट नागरिक हितका निमित्त भएका प्रयासहरु र सम्पादित कृयाकलापबाट प्राप्त उपलब्धीका निमित्त हार्दिक धन्यवाद दिन चाहन्छु । कार्यसम्पादनका क्रममा देखिएका समस्या, बाधा–व्यवधान, कमी–कमजोरीलाई आत्मसाथ गर्दै आगामी दिनमा कार्यक्रम कार्यान्वयन प्रयासमा पनि निरन्तर सहयोग र सद्भावको अपेक्षा राखिएको छ ।

**सभाध्यक्ष महोदय**,

४) स्थानीय सरकारका रुपमा यस मध्यबिन्दु नगरपालिकाको गरिमामय नगरसभामा पहिलो पटक प्रस्तुत गरिएको यस आ.ब. २०७४/०७५ को बजेट तथा कार्यक्रमको निम्न उद्देश्यहरु रहेका छन् ।

क) पूर्वाधार निर्माणमा नमूना कार्य गर्ने,

ख) शैक्षिक सुधार र स्वास्थ्य क्षेत्रको सवलीकरण एवं स्तरीकरण गर्ने,

ख) स्वरोजगार एवं रोजगारी सृजनामा सहजीकरण गर्ने,

ग) सामाजिक न्याय र समानता कायम गर्ने,

घ) स्वच्छ वातावरण, प्रकोप न्यूनीकरण र शहरीकरणलाई व्यवस्थित गर्ने,

ङ) सुशासन प्रवर्दन गर्ने,

च) राजस्वको दायरा बढाउने ।

५. उपरोक्त उध्देश्य हासिल गर्ने बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देखि नै ध्यान पुर्याइएको छ । निम्न पध्दती अबलम्बन गरी बजेट तथा कार्यक्रमलाई जनमुखी, यथार्थपरक, दिगो र प्रभावकारी बनाउने प्रयास गरिएको छ।

क) अन्तर सरकारी वित्तीय हस्तान्तरण्को माध्यमबाट नेपाल सरकारबाट शसर्त एवं निशर्त अनुदान सिमा प्राप्त,

ख) आन्तरिक आयको अनुमान,

ग) स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट बजेट सिमा निर्धारण,

घ) समुदाय स्तरबाट नागरिकका आवश्यकता र अपेक्षा संकलन,

ङ) वडा भेला, छलफल,

च) वडाबाट प्राथमिकता सहित योजना कार्यक्रम सिफारिस,

छ) बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छलफल, विश्लेषण,

ज) प्राथमिकता क्षेत्र निर्धारण गरी बजेट विनियोजन,

६. योजना, कार्यक्रम, आयोजनाहरुलाई नागरिकको आवश्यकता र अपेक्षानुकुल बनाउन, सार्थक परिणाम हासिल गर्ने र बजेट विनियोजनलाई सहज बनाई कार्यान्वयनमा प्रभावकारिता ल्याउन प्रस्तुत बजेट तथा कार्यक्रममा समावेश भएका योजना, कार्यक्रम तथा आयोजनाहरुलाई निम्न आधारमा प्राथमिकीकरण निर्धाण गरिएको छ ।

क) पुर्वाधार विकास र गरिबी न्यूनीकरणमा योगदान पुर्याउने,

ख) उत्पादन मूलक र छिटो प्रतिफल दिने,

ग) राजस्व परिचालनमा योगदान पुर्याउने,

घ) सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने,

ङ) स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिबृध्दी गर्ने,

च) लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृध्दी हुने,

छ) दिगो विकास रवातावरण संरक्षणमा योगदान पुर्याउने,

ज) विशेष संस्कृति र जातीय पहिचान प्रबर्दन गर्ने,

झ) नागरिक स्तरबाट उठान भएका आवश्यकता एवं अपेक्षाहरुको संवोधन,

ञ) वडा समितिका सिफारिस ।

**सभाध्यक्ष महोदय,**

७. प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न नीति तथा आधारहरुलाई आत्मासाथ गरिएको छ ।

क) संवत् २०७४ साल असार २५ गतेका दिन नगरसभाले अनुमोदन गरेको आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम,

ख) नेपालको संविधान, २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,

ग) नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु,

घ) नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार र भाग १९ को आर्थिक कार्य प्रणाली,

ङ) नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,

च) संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,

छ) संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,

ज) नेपालले अन्तराष्टिय जगतमा जनाएका प्रतिबध्दताहरु,

झ) स्थानीय शासन सञ्चालन संबन्धी कानूनी (आदेश, नियमावली) प्रावधानहरु,

ञ) स्थानीय तहका संवन्धमा भएका अध्ययन प्रतिवेदनहरु

ट) विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, पूर्ण सरसफाई एवं उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु,

ठ) नेपाल सरकारका विषयगत एवं क्षेत्रगत नीतिहरु,

ड) समुदाय, टोल, वस्ती स्तरमा भएका छलफल नागरिक स्तरबाट उठान भएका आवश्यकता एवं अपेक्षा तथा वडा समितिका सिफारिस ।

**सभाध्यक्ष महोदय,**

८. अब म प्रस्तुत बजेट तथा कार्यक्रम मार्फत नगर कार्यपालिकाले कार्यान्वयनमा ल्याउन खोजेका नीतिगत व्यवस्थाका बारेमा उल्लेख गर्न चाहन्छु ।

क) करको आधार र दायरा बढाउने, कर शिक्षा अभियान र एकिकृत सम्पत्ति

कर लागु गर्न प्रस्ताव गरिएको छ ।

ख) पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिई पूर्वाधार क्षेत्रमा पूँजीगत खर्चको ६५% रकम विनियोजन गरिएको छ ।

ग) कम्तिमा ढल, फुटपाथ, हरियाली सहितको एक एक वटा मेयर नमूना सडक निर्माण गर्न प्रत्येक वडाका लागि न्यूनतम ५० लाख रुपैयाँ विनियोजन गरिएको छ ।

घ) कृषि उत्पादन र उत्पादत्व बढाउन, एक वडा एक उत्पादनलाई प्रवर्दन गर्न कृषि र सहकारी विच सामान्जस्यता कायम गरिएको छ । कृषि सम्बन्धी लगानीलाई सहकारी मार्फत प्रवाहित गर्ने नीति अवलम्बन गरिएको छ ।

ङ) पूर्वाधार निर्माणमा जनसहभागिता सुनिश्चितताका लागि हरेक पूर्वाधार निर्माणमा न्यूनतम १५ प्रतिशत नगद योगदान सहित जनसहभागितालाई अनिवार्य बनाइएको छ ।

च) स्थानीय शासन प्रणालीलाई बालमैत्री यूवा मैत्री, लैङ्गिक मैत्री, अपाङ्ग मैत्री, जेष्ठ नागरिक मैत्री, वातावरण मैत्री एवं समग्रमा नागरिक मैत्री बनाउन तत् तत् क्षेत्रका सूचकहरु सम्बन्धी कार्यक्रमका निमित्त बजेट व्यवस्था गरिएको छ । विशेष गरी नगरपालिकालाई निरक्षरमुक्त बनाउने, समुदायलाई सफा तथा वातावरणलाई स्वच्छ बनाउने नीति अबलम्बन गरिनेछ । जन्मदै साक्षर एवं शिक्षितअभिभावकका सन्तान सुनिश्चित गर्न परिवारमा जम्मेको शिशुको जन्म दर्ता गर्दा, नागरिकताको प्रमाणपत्रको निमित्त सिफारिस लिनआउँदा वा नगरपालिकाको अन्य सेवा लिन आउँदा परिवारमा कोही सदस्य निरक्षर नरहेको, आफ्नो घरबाट उत्सर्जित फोहरलाई सड्ने र नसड्ने छुट्याई तोकिए बमोजिम व्यवस्थापन गर्ने प्रवन्ध मिलाईएको एवं घर कम्पाउण्डमा तोकिए बमोजिम रुख, विरुवा वा गमला राखिएको प्रमाण पेश गर्नुपर्ने छ । यस प्रावधानलाई प्रभावकारी ढङ्गबाट

कार्यान्वयन गराउन साक्षरता, सरसफाई र वातावरण संरक्षण अभियान सञ्चालन गरीपूर्ण साक्षर, सफा र वातावरणमैत्री नगरपालिका घोषणा गरिनेछ । यस किसिमका सरसफाई एवं वातावरण सम्बन्धी अभियान र साक्षरता कक्षा सञ्चालन गर्ने टोल सुधार समिति वा संघ संस्थालाई विशेष आर्थिक सुविधा उपलब्ध गराईनेछ ।

छ) मध्यबिन्दुको पहिचान झल्काउन नगर क्षेत्र भित्रको उपयुक्त स्थानमा स्तम्भ सहितको पार्क निर्माणको कार्य प्रारम्भ गरिनेछ । त्यस प्रयोजनका लागि बजेटको व्यवस्था गरिएको छ ।

ज) नगर सूचना केन्द्र तथा सेवाग्राही सहयोगी कक्षको व्यवस्था मिलाईने छ ।

झ) बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न ढल निकास र फूटपाथ आदी सहितको शहरीकरणको अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

ञ) अन्य गाउँ, नगरपालिका प्रदेश प्रदेशको केन्द्र जोड्ने सडक ।

ट) सहकारीलाई आय आर्जन एवं रोजगारी बढाउने माध्यमको रुपमा कृषि र पर्यटन क्षेत्रको विकासमा उपयोग गरिने छ ।

ठ) महिला उद्धमी प्रवर्दनका निमित्त व्यवसाय दर्ता शुल्क र त्यस्तो व्यवसायमा लाग्ने करमा छुट दिने नीति अवलम्बन गरिनेछ ।

ड) अव्यवस्थित बसोबास व्यवस्थापन, नगर सडक गुरुयोजना, नगर गुरुयोजना, तर्जुमा मध्यबिन्दु रिङ्गरोड, नयाँ पर्यटन स्थलको खोजी आदि नागरिक सरोकार एवं दीर्घकालिन प्रभावका विषयमा अध्ययन गरी कार्य अघि बढाउन बजेटको व्यवस्था गरिएको छ ।

ण) खेलकुद क्षेत्रका पूर्वाधार निर्माण गर्न र मध्यबिन्दुको पहिचानका रुपमा स्थापित प्रत्येक वर्ष हुने राइनोकप फुटवल प्रतियोगिता सञ्चालन गर्न र खेल मैदान निर्माण गर्ने तथा बढी भन्दा बढी विषयगत खेलहरु सहभागी हुने गरी मेयर शिल्ड खेलकूद प्रतियोगिता सञ्चालन गर्न बजेट व्यवस्था गरिएको छ ।

त) सुशासन, क्षमता विकास र नागरिक जनप्रतिनिधि प्रशासन विचको सुमधुर सम्बन्ध कायम गर्न आवश्यक सबै उपायहरु अवलम्बन गरिएको छ । त्यसका लागि पर्याप्त बजेटको व्यवस्था गरिएको छ । सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राहीमैत्री तुल्याउन प्रविधिको प्रयोग बढाने नीति लिइने छ ।

थ) निर्वाचित पदाधिकारीहरुलाई कार्य सम्पादनका आधारमा बैठक तथा अन्य भत्ता र सुविधा उपलब्ध गराइनेछ । कुनै पनि निर्वाचित पदाधिकारीले

नगरपालिकाको आन्तरिकआयबाट भुक्तान हुने भत्ता रकम पदाधिकारीको जिम्मेवारीका आधारमा एक पटकमा न्युनतम रु. ५०० र अधिकतम रु. १००० भन्दा बढी हुनेछैन । निर्वाचित पदाधिकारीहरुले लिने कुल आर्थिक सुविधा कुल आन्तरिक आयको १५ प्रतिशत भन्दा बढी हुनेछैन ।

द) नगरपालिकामा कार्यरत कर्मचारीहरुको मनोबल एवं उत्प्रेरणा बृध्दी गर्न र कार्य सम्पादन क्षमता अभिवृध्दी गर्न रकमको व्यवस्था गरिएको छ । ज्यालादारी, करार सेवा एवं अस्थायी रुपमा कार्यरत कर्मचारीहरुको स्थायीत्व र वृत्ती विकासका लागि पहल गरिने छ । कर्मचारीहरुलाई नगर कार्यपालिकाले तोके बमोजिम थप सुविधा उपलब्ध गराईनेछ ।

ध) मापदण्ड निर्धारण गरी वडा कार्यालयहरु, अन्य विषयगत कार्यालयहरु, विद्यालयहरु र अन्य जिम्मेवार पदाधिकारीहरुसँग कार्य सम्पादन सम्झौता समेत गरी सेवा प्रवाह र विकास कार्यक्रम सञ्चालनमा प्रभावकारिता अभिवृध्दी गरिनेछ । निर्वाचित पदाधिकारीले पाउने आर्थिक सुविधा एवं कर्मचारीले पाउने थप सुविधालाई यसै बमोजिमको कार्यसम्पादनसँग आवध्द गरिनेछ । साथै पूँजीगत शीर्षक अन्तरगत विनियोजित रकमबाट विकास योजना क्रियाकलाप सञ्चालन गर्दा विभिन्न उपभोक्ता समितिहरु बीच कार्सम्पादन प्रतिस्पर्धाको नीति अवलम्बन गरिनेछ । तोकिएको समय अगावै लागत अनुमान बमोजिमको परिमाण र गुणस्तर बमोजिमको कार्यसम्पादन गर्ने उपभोक्ता समितिलाई थप बजेट समेत उपलब्ध गराईनेछ ।

न) यस सम्मानित नगरसभाले स्वीकृत गरको आर्थिक वर्ष ०७४/०७५ को नीति तथा कार्यक्रममा परेका विषयहरु जस्तै, भूउपयोग योजना, अव्यवस्थित बसोबास व्यवस्थापन, फोहरमैला व्यवस्थापन, सडक मापदण्ड आदि कार्यन्वयनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । त्यस्ता कार्यक्रमहरुलाई क्रियाकलापमा रुपान्तरण गरी कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । वडा समितिबाट सिफारीस भई आएका तर स्थानीय तहबाट कार्यन्वयन हुन नसक्ने ठूला योजना तथा कार्यक्रमहरु कार्यन्वयनका लागी नगर कार्यपालिकाको निर्णयानुसार नेपाल सरकार समक्ष अनुरोध गरी पठाईनेछ ।

**सभाध्यक्ष महोदय,**

९. राज्य पूर्नसंरचना पश्चात गठित पहिलो नगरपालिकाको प्रथम नगरसभामा प्रस्तुत भईरहेको यस आय व्यायको अनुमान मस्यौदा तयारीका सिमाहरु,

बाधा व्यवधान र अवरोधहरु रहेका थिए । यस्ता अवरोध र सिमाहरु कार्यान्वयन चरणमा पनि तेर्सिने निश्चित छ । संक्रमणकालिन बजेट तर्जुमा र कार्यान्वयन आफैमा अप्ठ्यारो र चुनौतिपुर्ण जिम्मेवारी हो । यस चुनौतिको सामना अरुबाट सम्भव छैन, हामी आफैले सामना गर्दै गन्तव्यमा पुग्नै पर्ने बाध्यता छ । हामीलाई यस्तो बाध्यात्मक अप्ठ्यारो अवस्था र चुनौति सामना गर्ने उर्जा र शक्ति जनमतले प्रदान गरेको छ । तसर्थ हामी गन्तव्यमा अवश्य पुग्ने छौं ।

१०. अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत नेपाल सरकारबाट प्राप्त स्वास्थ्य, शिक्षा र कृषि तर्फको सशर्त अनुदान बजेट रु. १२ करोड ६९ लाख ८७ हजार लाई संवन्धित कार्यालयहरु संग समन्वय गरी कार्यान्वयन गरिनेछ । यी बाहेक नगरपालिका मातहत आउने क्रममा रहेका अन्य विषयगत कार्यालय र तीनका वार्षिक कार्यक्रमहरुलाई यसै बजेटको अभिन्न अङ्ग मानी समन्वय गरी प्रभावकारी ढङ्गबाट कार्यान्वयन गरिनेछ ।
विभिन्न गैरसरकारी संघ संस्थाहरु, समुदायिक वन उपभोक्ता समूहहरु, सहकारी संस्थाहरु लगायतका निकायहरु कार्यक्रमहरुलाई पनि यसै बजेटको अभिन्न अंग मानी समन्वय गरी कार्यन्वयन गरिनेछ । यसरी विभिन्न स्रोतबाट हुने आय र खर्चलाई कानूनी रुपमा बजेटका अभिन्न अङ्ग बनाउन आवश्यक कानूनी प्रक्रिया अपनाइनेछ ।

**सभाध्यक्षज्यू,**

११.अब म आर्थिक वर्ष २०७४/०७५ को अनुमानित व्यय र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु । प्रस्तुत बजेटको आयको ठूलो हिस्सा अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट सशर्त अनुदान तर्फ रु. १२ करोड ६९ लाख ८७ हजार र निशर्त अनुदानतर्फ रु. २८ करोड १५ लाख ९६ हाजार गरी जम्मा रु. ४० करोड ८५ लाख ८३ हजार रहेको छ । त्यसैगरी राजस्व बाँडफाँडबाट रु. १ करोड २ लाख, आन्तरिक राजस्वबाट रु.४ करोड ८४ लाख ५० हजार र चालु आर्थिक वर्षको नगद मौज्दात रु. ६५ लाख समेत गरी आर्थिक वर्ष २०७४/०७५ को कुल आय रु. ४७ करोड ३७ लाख ३३ हजार अनुमान गरिएको छ । पूर्वाधार विकासमा जनसहभागिता मार्फत हुने लगानी, विभिन्न संघ संस्था र निकायबाट हुने लगानीलाई आयस्रोतमा समावेश गर्न सकिएको छैन ।

१२. व्ययतर्फ निर्वाचित पदाधिकारीको भत्ता, सुविधा, कर्मचारीका तलब, भत्ता तथा अन्य सुविधा, कार्यालय सञ्चालन लगायतका प्रशासनिक खर्च समेतको चालु खर्चका निमित्त रु. ६ करोड २ लाख र आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन, संस्थागत विकास,सेवा प्रवाह र सुशासन लगायतका काम समेटिएको पूँजीगत खर्चका निमित्त रु. २८ करोड ६५ लाख ४६ हजार विनियोजन गरिएको छ । चालु खर्चका निमित्त अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत् प्राप्त हुने निशर्त अनुदान तर्फको रु. २८ करोड १५ लाख ९६ हजार मध्येबाट रु. ३ करोड र आन्तरिक आयबाट रु. ३ करोड २ लाख गरी जम्मा रु. ६ करोड २ लाख विनियोजन प्रस्ताव गरिएको छ । पूँजीगत खर्चका निमित्त अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत् प्राप्त हुने निशर्त अनुदान तर्फको रु. २८ करोड १५ लाख ९६ हजार मध्येबाट रु. २५ करोड १५ लाख ९६ लाख र आन्तरिक आयबाट रु. ३ करोड ४९ लाख ५० हजार गरी जम्मा रु. २८ करोड ६५ लाख ४६ हजार विनियोजन प्रस्ताव गरिएको छ । अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट प्राप्त भइसकेको सशर्त अनुदान तर्फको १२ करोड ६९ लाख ८७ हजार रुपैयाँ तोकिए बमोजिम खर्च गरिने छ ।

राजस्वको शीर्षकगत अनुमान विवरण, संचित कोषमा जम्मा हुनेगरी विभिन्न स्रोतबाट प्राप्त हुने आय र व्ययको शीर्षकगत विवरणहरु अनुसूचीमा उल्लेख गरिएको छ ।

जय मध्यविन्दु ।।।